# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (चउन्नौं बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०५।०१ गते

माननीय सदस्यहरू आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, हामी सबैलाई थाहा छ । यो कोरोना महामारीले छिटो भन्दा छिटो यसलाई बन्द गर्नुपर्ने छ । हामी उपस्थित हुँदै, बन्द गर्दै, फेरि उपस्थित हुँदै बन्द गर्दै यो कतिदिन उपस्थित गराइराख्ने हो । त्यसकारण माननीय सदस्यले यो गम्भिरतालाई लिएर बसेर यो सदनलाई सुचारु गर्नका लागि सहयोग गर्न अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, बस्नको लागि म विशेष अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, विषय अगाडि नै राखिसक्नु भएको छ संसदसँग धेरै सरोकारको विषय पनि नभएको अनि उठाइएका प्रश्नमा केही संसदले सर्वसम्मत ढंगले प्रक्रिया अगाडि बढाएको, त्यसकारण यो महामारीलाई ध्यान दिएर छिटो यसलाई अन्त्य गर्नुपर्ने बाध्यता भएको, यो अवस्थामा मान्य सदस्यहरुले बसेर सुचारु गर्न सहयोग गरिदिनु हुन विशेष अनुरोध गर्दछु । बस्नुस्, माननीय सदस्यहरु ।

माननीय सदस्यहरू प्रतिपक्षी दलको तर्फबाट यो चालु अधिवेशन, यो चलिरहेको अधिवेशन अवरुद्ध रहेकोले, माननीय सदस्यहरु अब यो बैठक २०७७ साल भाद्र ९ गते दिनको १ बजेसम्मका लागि स्थगित हुन्छ ।